मन्त्रिपरिषद्बाट स्वीकृत मिति: २०७६-०९-२२

सचिव

# प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६

प्रदेश राजपत्रमा प्रकाशित मिति : २०७६।...।...

प्रदेशको दिगो आर्थिक विकासका लागि उद्योग, व्यापार तथा व्यवसाय सञ्चालन एवं लगानीमैत्री वातावरण सृजना गरी आर्थिक विकासलाई तीव्रता दिन सार्वजनिक-निजी संवाद र सहकार्यलाई एक सशक्त माध्यमको रुपमा विकास गर्न वाञ्छनीय भएकोले,

गण्डकी प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस आदेशको नाम "प्रदेश व्यवसाय मञ्च (गठन आदेश), २०७६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "प्रदेश व्यवसाय मञ्च" भन्नाले दफा ३ बमोजिम गठित मञ्चलाई सम्झनु पर्छ।

(ख) "मञ्च" भन्नाले प्रदेश व्यवसाय मञ्च सम्झनु पर्छ।

(ग) "मञ्चको सचिवालय" भन्नाले दफा ८ बमोजिमको मञ्चको सचिवालय सम्झनु पर्छ।

(घ) "मञ्च संयोजक" भन्नाले दफा १० बमोजिमको मञ्च संयोजक सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ।

(च) "सञ्चालक समिति" भन्नाले दफा ६ बमोजिम गठित सञ्चालक समिति सम्झनु पर्छ।

(छ) "व्यवसाय" भन्नाले प्रदेशभित्र स्थापना भई सञ्चालित उद्योग, व्यापार र अन्य पेशा व्यवसायलाई सम्झनु पर्छ र यो शब्दले सार्वजनिक रुपमा स्थापित उद्योग, वाणिज्य र व्यापार सम्बन्धी निकायलाई समेत जनाउँछ।

३. **प्रदेश व्यवसाय मञ्चको गठन :** (१) प्रदेश स्तरमा औद्योगिक तथा व्यवसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणका लागि समन्वय र सामञ्जस्यता कायम गर्न, प्रदेश स्तरीय व्यवसायसँग सम्बन्धित नीति एवं कानुनको प्रभावकारी कार्यान्वयन तथा मूल्यांकनका सम्बद्ध विषयमा सार्वजनिक र निजी क्षेत्रबीच नियमित संवाद र सहकार्यलाई अभिप्रेरित गर्न, व्यवसाय स्थापना, सञ्चालन र लगानी अभिवृद्धिमा आईपर्ने बाधा, अवरोध तथा समस्याको पहिचान गर्न, व्यवसाय सञ्चालन र लगानी अभिवृद्धि एवं विकासका लागि

प्रमुख सचिव

सचिव

प्रदेश सरकारलाई आवश्यक सुझाव र सिफारिस गर्ने, त्यस्ता सिफारिसहरुको कार्यान्वयन र अनुगमन गर्ने, सुधारहरूका साथै सार्वजनिक एवं निजी क्षेत्रबीच नियमित परिणाममुखी र पारदर्शी संवादको लागि संस्थागत आधार प्रदान गर्ने उद्देश्यले गण्डकी प्रदेश व्यवसाय मञ्च रहनेछ ।

(२) मञ्चको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | मुख्य मन्त्री, गण्डकी प्रदेश | अध्यक्ष |
| (ख) | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (ग) | प्रदेश सरकारका विभागीय मन्त्रीहरु र मन्त्रीको कार्यभार सम्हाल्ने राज्यमन्त्री | सदस्य |
| (घ) | उपाध्यक्ष, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (ङ) | प्रमुख सचिव, गण्डकी प्रदेश | सदस्य |
| (च) | सदस्यहरु, प्रदेश नीति तथा योजना आयोग | सदस्य |
| (छ) | प्रदेश सरकारका सचिवहरु (मुख्य मन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, प्रदेश सभा, प्रदेश नीति तथा योजना आयोगका सचिव बाहेक) | सदस्य |
| (ज) | प्रदेशस्थित विश्वविद्यालयका उपकुलपतिहरु | सदस्य |
| (झ) | मन्त्रालयले तोकेका प्रदेशस्तरीय उद्योग, व्यापार, व्यवसाय, वित्तीय क्षेत्र, पेशागत संघसंस्था, नागरिक समाज र पत्रकार महासंघको प्रतिनिधित्व हुने गरी कम्तीमा एक तिहाई महिला सहित मन्त्रालयबाट मनोनित २५ जना | सदस्य |
| (ञ) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, | सदस्य-सचिव |

(३) निजि क्षेत्रका प्रतिनिधि, सम्बन्धित मन्त्रालय तथा निकाय, अन्तर्राष्ट्रिय विकास साझेदारहरु, अनुसन्धान संस्थाका प्रतिनिधिका साथै सम्बन्धित विशेषज्ञहरु र पेशाविद्हरुलाई प्रदेश व्यवसाय मञ्चको बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(४) व्यवसाय मञ्च एक स्वायत्त संगठित संस्थाको रुपमा रहनेछ र यसको आफ्नो छुट्टै छाप हुनेछ ।

प्रमुख सचिव

सचिव

(५) उपदफा (१) को खण्ड (ङ) बमोजिमका सदस्यको पदावधि २ वर्षको हुनेछ । निजहरूको पुनर्नियुक्ति हुन सक्नेछ ।

४. **प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार :** गण्डकी प्रदेश व्यवसाय मञ्चको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रदेशको उद्योग, व्यापार तथा व्यवसाय विकास र प्रबर्द्धन एवं आर्थिक विकासका क्षेत्रमा गर्नुपर्ने सुधारका सम्बन्धमा प्रदेश सरकारसमक्ष सिफारिश गर्ने,

(ख) प्रभावकारी सार्वजनिक-निजी संवाद र सहकार्यका लागि संस्थागत तथा व्यवस्थापकीय विषयमा सुधारका लागि प्रदेश सरकारसमक्ष सिफारिश गर्ने,

(ग) प्रदेशको औद्योगिक, आर्थिक, वाणिज्य र संगठित सुशासन (Corporate Governance) का क्षेत्रमा नीतिगत सुधारका विषयमा सिफारिश गर्ने,

(घ) प्रदेशमा औद्योगिक तथा व्यवसायिक लगानीका लागि सबल र सहयोगी वातावरण निर्माणका लागि समन्वय र सामञ्जस्यता कायम गर्ने,

(ङ) औद्योगिक तथा श्रम सम्बन्धका विषयमा नीतिगत सुधार गर्न सिफारिश गर्ने,

(च) प्रदेश सरकारले तोके बमोजिमका अन्य काम गर्ने ।

५. **प्रदेश व्यवसाय मञ्चको सञ्चालन सम्बन्धी व्यवस्था :** (१) प्रदेश व्यवसाय मञ्च यसको उद्देश्य प्राप्तिका लागि गरिने नीति निर्माण तथा नीतिगत निर्णयको उच्चतम अंगको रुपमा रहनेछ ।

(२) प्रदेश व्यवसाय मञ्चको बैठक कम्तीमा वर्षको एक पटक बस्नेछ ।

(३) मञ्चको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ ।

(४) मञ्चको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ ।

(५) मञ्चमा तत्काल कायम रहेका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) मञ्चको बैठकमा बहुमतको निर्णय मञ्चको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ ।

(७) मञ्चको निर्णय मञ्चका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(८) मञ्चको सञ्चालन सम्बन्धी अन्य कार्यविधि मञ्च स्वयंले निर्धारण गरेबमोजिम हुनेछ ।

प्रमुख सचिव

सचिव

६. **सञ्चालक समितिको गठन र सञ्चालन सम्बन्धी व्यवस्था :**(१) प्रदेश व्यवसाय मञ्चको कार्यकारी अंगको रुपमा एक सञ्चालक समिति रहनेछ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :

| | | |
|---|---|---|
| (क) | मन्त्री, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | अध्यक्ष |
| (ख) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ग) | सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | सदस्य |
| (घ) | अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, गण्डकी प्रदेश | सदस्य |
| (ङ) | अध्यक्ष, नेपाल उद्योग परिसंघ, गण्डकी प्रदेश | सदस्य |
| (च) | अध्यक्ष, नेपाल चेम्बर अफ कमर्श, गण्डकी प्रदेश | सदस्य |
| (छ) | सम्बन्धित महाशाखा प्रमुख, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, | सदस्य सचिव |

(३) निजि क्षेत्रका प्रतिनिधि, सम्बन्धित मन्त्रालय तथा निकाय, अन्तर्राष्ट्रिय विकास साझेदारहरु, अनुसन्धान संस्थाका प्रतिनिधिका साथै सम्बन्धित विशेषज्ञहरु र पेशाविद्हरुलाई सञ्चालक समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(४) समितिको बैठक अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ।

(६) समितिमा तत्काल कायम रहेका कुल सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ।

(७) समितिको बैठकमा बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(८) समितिको निर्णय समितिका सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ।

(९) सञ्चालक समितिमा सबै कार्यसम्पादन समूहका सह–अध्यक्ष तथा विभिन्न व्यवसायिक क्षेत्रको प्रतिनिधित्व हुने गरी सदस्यहरु रहनेछन्।

(१०) सञ्चालक समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक बस्नेछ।

(११) समितिको सञ्चालन सम्बन्धी अन्य कार्यविधि समिति स्वयंले निर्धारण गरेबमोजिम हुनेछ।

प्रमुख सचिव

सचिव

**७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१) प्रदेश व्यवसाय मञ्चको बैठकमा पेश हुने प्रस्ताव तय गर्नुका साथै सचिवालय एवं कार्य सम्पादन–समूहको सुपरीवेक्षण र अनुगमन गर्ने,

(२) आवश्यक्तानुसार कार्य सम्पादन समूहको संख्या, नाम, कार्यक्षेत्र र सदस्य संख्यामा पुनरावलोकन गर्न मञ्चसमक्ष सिफारिस गर्ने,

(३) कार्य सम्पादन–समूहहरुबाट पेश हुने सिफारिसहरुका लागि आवश्यक मापदण्डहरु निर्धारण गर्ने,

(४) मञ्चको सचिवालयको लागि प्रशासनिक र वित्तीय कार्यविधि तय गर्नुका साथै मञ्चको योजना, कार्यक्रम र बजेट प्रस्ताव गर्ने,

(५) कार्यसम्पादन समूहबाट प्राप्त सुझावहरु उपयुक्त लागेमा कार्यान्वयनका लागि मञ्चसमक्ष पेश गर्ने ।

(६) प्रदेश स्तरबाट सम्बोधन गर्नु पर्ने क्षेत्रगत नीति तथा सैद्धान्तिक विषयमा सुधारका सम्बन्धमा मञ्चमा सुझाव पेश गर्ने,

(७) मञ्चबाट कार्यान्वयनका लागि प्राप्त निर्देशन तथा कार्यहरु सम्पादन गर्ने गराउने,

(८) मञ्चको सचिवालयको बार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(९) सचिवालय सञ्चालनका लागि आवश्यक कर्मचारीहरुको सम्बन्धित निकायमा माग गरी व्यवस्थापन गर्ने,

(१०) प्रतिवेदन नियमित रुपमा मञ्च समक्ष पेश गर्ने,

(११) मञ्चले तोकेका अन्य कार्यहरु गर्ने/गराउने

**८. मञ्चको सचिवालय :** (१) प्रदेश व्यवसाय मञ्चको निर्णय कार्यान्वयन, अभिलेख व्यवस्थापन, सूचना प्रवाह तथा मञ्चका विभिन्न क्रियाकलापमा सहयोग पुर्याउने मञ्चको एक सचिवालय रहनेछ ।

(२) सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) सञ्चालक समिति र कार्य सम्पादन समूहहरुबीच सूचना प्रवाह गर्ने तथा अन्तरक्रियामा सहयोग पुर्याउने,

(ख) सञ्चालक समिति र कार्यसम्पादन समूहको कार्यमा सहजता र गुणात्मकता ल्याउन सहयोग पुर्याउनुका साथै निर्णय कार्यान्वयनको अभिलेखाङ्कन गर्ने,

प्रमुख सचिव

सचिव

(ग) कार्यसम्पादन समूहले सञ्चालक समितिबाट गरिएका निर्णयको कार्यान्वयन गराउने र कार्यान्वयनको प्रगति स्थितिको विवरण तयार गरी अनुगमन सम्बन्धी व्यवस्था मिलाउने,

(घ) मञ्चको सचिवालयलाई प्रभावकारी तुल्याउन सरकारी तथा निजी दुवै क्षेत्रबाट आवश्यक सहयोग पुर्याईनेछ।

९. **कार्यसम्पादन समूह (Working Group) को व्यवस्था :** (१) मञ्चको गतिविधिमा सहयोग पुर्याउन देहाय बमोजिमका कार्यसम्पादन समूह गठन गर्न सकिनेछ :

(क) औद्योगिक लगानी प्रवर्द्धन कार्यसम्पादन समूह

(ख) व्यापार सहजिकरण प्रवर्द्धन कार्यसम्पादन समूह

(ग) पूर्वाधार संरचना कार्यसम्पादन समूह

(घ) वित्तीय, बीमा विषय कार्यसम्पादन समूह

(ङ) महिला उद्यमी विकास कार्यसम्पादन समूह

(च) व्यवसायिक वातावरण, श्रम सम्बन्ध तथा औद्योगिक सुरक्षा कार्यसम्पादन समूह

(२) विषयगत कार्यसम्पादन समूह, त्यसका सह-अध्यक्ष र सदस्यहरु देहायबमोजिम हुनेछन् :

(क) औद्योगिक लगानी प्रवर्द्धन कार्यसम्पादन समूह : सह-अध्यक्षहरु- सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय र सभापति, नेपाल उद्योग परिसंघ तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका प्रतिनिधिहरु सदस्य- आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालयबाट रहने छन्।

(ख) व्यापार सहजिकरण प्रवर्द्धन कार्यसम्पादन समूह :सहअध्यक्षहरु- सचिव, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय र अध्यक्ष-नेपाल चेम्बर अफ कमर्स तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु- आर्थिक मामिला तथा योजना मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयबाट रहनेछन्।

(ग) पूर्वाधार संरचना कार्यसम्पादन समूह : सह-अध्यक्षहरु- सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय र अध्यक्ष-इण्डिपेन्डेन्ट पावर प्रोड्युसर्स एसोसियसन नेपाल तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने

प्रमुख सचिव

उपसचिवस्तरका प्रतिनिधि सदस्यहरु-आन्तरिक मामिला तथा योजना मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय तथा योजना आयोगबाट रहनेछन् ।

(घ) वित्तीय, बीमा, श्रमिक कार्यसम्पादन समूह : सह-अध्यक्षहरु-निर्देशक, नेपाल राष्ट्र बैंक, पोखरा र अध्यक्ष, नेपाल बैंकर्स एशोसियसन-गण्डकी प्रदेश तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु-आर्थिक मामिला तथा योजना मन्त्रालय, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रहनेछन् ।

(ङ) महिला उद्यमी विकास कार्यसम्पादन समूह :सह-अध्यक्षहरु-सचिव, सामाजिक विकास मन्त्रालय, सभापति-नेपाल महिला उद्यमी महासंघ तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु-उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सामाजिक विकास मन्त्रालयबाट रहनेछन् ।

(च) व्यवसायिक वातावरण, श्रम सम्बन्ध तथा औद्योगिक सुरक्षा कार्यसम्पादन समूह : सह-अध्यक्षहरु-सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय र अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ तथा प्रदेश सरकारबाट प्रतिनिधित्व हुने उपसचिवस्तरका सदस्यहरु-आन्तरिक मामिला तथा कानुन मन्त्रालय र उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट रहनेछन् ।

(३) कार्यसम्पादन समूहका काम, कर्तव्य र अधिकारहरु : कार्यसम्पादन समूहका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

क) प्रदेशमा औद्योगिक प्रवर्द्धनका लागि लगानी वृद्धि गर्ने र विभिन्न पेशा व्यवसाय सहज तथा बिना अवरोध नियमित रुपमा सञ्चालन हुने वातावरण सृजना गर्ने, सम्बन्धित नियमन गर्नुपर्ने विषय तथा तत्सम्बन्धी समस्याहरुको पहिचान गर्ने र त्यस्ता समस्याको समाधानका लागि सुधारात्मक एवं कार्यान्वयन गर्न सकिने उपायको सिफारिस गर्न आवश्यक तयारी गर्ने ।

ख) कार्यसम्पादन समूहले आफ्नो तहमा आवश्यक निर्णय लिन र सुझाव सिफारिस गर्न सक्नेछन् ।

ग) कुनै विषयमा अन्तर–मन्त्रालय वा अन्तरनिकाय समन्वय गर्न वा मन्त्रिपरिषद्को निर्णय आवश्यक पर्ने भई कार्यसम्पादन समूह तहमा निर्णय

लिन नसकिएमा कार्यसम्पादन समूहले आफ्नो सिफारिस सहित सञ्चालक समितिमा प्रस्तुत गर्नेछन्।

घ) सञ्चालक समितिको बैठकबाट प्रस्तुत सिफारिसमा पुनरावलोकन गरी सिफारिस उपयुक्त देखिएमा कार्यान्वयनका लागि सम्बन्धित मन्त्रालयमा पठाउनेछ।

(ङ.) कार्यसम्पादन समूहले आफ्नो जिम्मेवारीका क्षेत्र समेट्ने गरी आ-आफ्नो कार्यक्षेत्रगत शर्त ( Terms of Reference) तयार गर्नेछन्।

(च) कार्यसम्पादन समूहले निजी क्षेत्रका उद्योगी, व्यापारी, व्यवसायी, पेशाकर्मी, विशेषज्ञ र अन्तर्राष्ट्रिय विकास साझेदारका प्रतिनिधिसँग नेपाल सरकारको सहमतिमा आवश्यकता अनुसार सल्लाह लिन सक्नेछन्।

(छ) प्रदेश व्यवसाय मञ्च र सञ्चालक समितिले उपयुक्त ठहर्‍याएका अन्य प्रतिनिधिहरू समेत कार्यसम्पादन समूह संलग्न हुनेछन्।

१०. मञ्च संयोजक : (१) सचिवालयको दैनिक प्रशासन सञ्चालन गर्न सचिवालय प्रमुखका रुपमा एक मञ्च संयोजक रहनेछ।

(२) मञ्च संयोजकको नियुक्ति मन्त्रालयले उपदफा (५) बमोजिमको छनौट समितिको सिफारिसमा मञ्चको अध्यक्षले गर्नेछ।

(३) मञ्च संयोजक सचिवालयमा पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक र अन्य सुविधा मञ्चको निर्णय बमोजिम हुनेछ।

(४) देहायको योग्यता पुगेको नेपाली नागरिक मञ्च संयोजकमा नियुक्त हुन सक्नेछ :

क) मान्यता प्राप्त शिक्षण संस्थाबाट अर्थशास्त्र, प्रशासन, व्यवस्थापन, वाणिज्य वा कानुन विषयमा स्नातकोत्तर तह उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव प्राप्त भई सार्वजनिक र निजी क्षेत्रसँग समन्वय र सहकार्य गर्न सक्ने क्षमता भएको,

ख) पैंतीस वर्ष उमेर पूरा भई पचास वर्ष ननाघेको।

(५) मञ्च संयोजकको नियुक्तिका लागि देहाय बमोजिमको छनौट समिति रहनेछ :

क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, अध्यक्ष

ख) उद्योग मन्त्रालयले तोकेको निजी क्षेत्रको एक जना महिला सहित दुई जना प्रतिनिधि, सदस्य

ग) महाशाखा प्रमुख, सम्बन्धित महाशाखा, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, सदस्य सचिव

(६) मञ्च संयोजकको छनौट सम्बन्धी कार्यविधि सचिवले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) मञ्च संयोजकको पदावधि चार वर्षको हुनेछ ।

(८) उपदफा (७) मा जुनसुकै कुरा लेखिएको भए तापनि मञ्च संयोजकले आफ्नो पदीय जिम्मेवारी इमान्दारीपूर्वक पूरा नगरेमा वा निजको काम सन्तोषजनक नभएमा उपदफा (५) बमोजिमको छनौट समितिको सिफारिसका आधारमा निजलाई जुनसुकै बखत मञ्च संयोजकको पदबाट मञ्चको अध्यक्षले हटाउन सक्नेछ ।

तर त्यसरी मञ्च संयोजकको पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

११. जनशक्ति सम्बन्धी व्यवस्था: (१) मञ्चको काममा सहयोग गर्न सञ्चालक समितिको माग बमोजिम प्रदेश सरकारले आवश्यक संख्यामा कर्मचारीको व्यवस्था गर्नेछ ।

१२. बाधा अड्चन फुकाउने :

यो गठन आदेश कार्यान्वयनका सिलसिलामा कुनै बाधा अड्चन आइपरेमा मञ्चको सिफारिसमा प्रदेश सरकारले बाधा अड्चन फुकाउन सक्नेछ ।

१३. प्रदेश सरकारसँग सम्पर्क :

मञ्चले प्रदेश सरकारसँग सम्पर्क राख्दा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय मार्फत राख्नुपर्नेछ ।

१४. वित्तीय साधन स्रोतको व्यवस्था :

(१) सचिवालयको कार्य सञ्चालनका लागि एउटा छुट्टै कोषको व्यवस्था हुनेछ ।

(२) कोषमा प्रदेश सरकार, दातृ संस्था, नीजि क्षेत्र र विभिन्न सरोकारवालाबाट मञ्चले निर्धारण गरे बमोजिमको रकम जम्मा हुनेछ ।

(३) विदेशी दातृ संस्था तथा संघसंस्थाबाट सहयोग प्राप्त गर्नुअघि नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

(४) कोष सञ्चालनका लागि एउटा छुट्टै कोष सञ्चालन कार्यविधि बनाई लागु गरिनेछ ।

प्रमुख सचिव

(५) कोषको लेखापरीक्षण महालेखा परिक्षकको कार्यालयबाट स्वीकृति प्राप्त लेखापरीक्षकबाट हुनेछ ।

१५. **कार्यविधि निर्देशिका जारी गर्ने अधिकार**

प्रदेश सरकारले मञ्चको कार्य सञ्चालन प्रक्रियालाई सरलीकृत गर्न आवश्यक कार्यविधि, निर्देशिका बनाई लागु गर्न गरोउन सक्नेछ ।

१६. **अनुगमन तथा सहजीकरण**

(१) मञ्चबाट सम्पादन हुने काम कारवाही र कार्यान्वयनलाई प्रभावकारी र गुणस्तरयुक्त बनाउन सञ्चालक समितिले सरकारी तथा निजी क्षेत्रको बराबर संख्यामा सहभागिता हुने गरी अनुगमन तथा सहजीकरण समिति गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) अनुसार गठित समितिले कार्यान्वयन लगायत सम्पूर्ण चरणमा अनुगमन गर्ने र अनुगमनका क्रममा देखा परेका चुनौतीलाई समाधान गर्न सहजीकरण गर्नेछ ।

(३) प्रदेश व्यवसाय मञ्च, सञ्चालक समिति तथा कार्यसम्पादन समूहहरुले कार्यसम्पादनको विभिन्न चरणमा आवश्यकता अनुसार अनुगमन तथा सहजीकरण गर्न सक्नेछन् ।

१७. **अधिकार प्रत्यायोजन :**

मञ्चले आफ्नो अधिकार यस अन्तर्गतका सचिवालय, कार्यसम्पादन समूह, प्रदेश सरकार मातहतका सम्बन्धित अन्य निकाय वा पदाधिकारीलाई प्रचलित कानून बमोजिम प्रत्यायोजन गर्न सक्नेछ ।

१८. **मञ्चको विघटन र दायित्व हस्तान्तरण :**

(१) मञ्चको आवश्यकता नभएमा प्रदेश सरकार मन्त्रिपरिषद्को निर्णयबाट कुनै पनि बखत मञ्चको विघटन हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मञ्च विघटन भएमा मञ्चको सम्पत्ति प्रदेश सरकारमा सर्नेछ ।

प्रमुख सचिव